# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

### काठमाडौं कार्तिक १६ गते ०८ साल

### भाग २

०८।७।१८।१

## अर्थमन्त्रालयको

## सूचना

साविकमा स्रेस्ता अपीलबाट अपील लिई हेरी आएको समेत काममध्ये अदालतको जति प्रधान न्यायाधीशले हेर्ने भएको र अर्थमन्त्रालयबाट हेर्नुपर्ने कुमारीचोक फाँटफाँट उपरको अपीलसमेत हेर्ने गरी अर्थविभागतर्फमा अर्थमन्त्रालय स्रेस्ता अपीलविभाग भन्ने छुट्टै अड्डा खडाभएको र सो अड्डाले अड्डैबाट निकासा फैसला गरी पठाए हुने सोबमोजिम गर्ने, सोदेखिबाहेक साधसोध गर्नुपर्नेमा अघि भएको सनद् अख्त्यारीबाट श्रीकम्मागडर इनचीफले हेरी बुझी निकासा दिनेसम्मको मीरसुब्बा मदनकृष्ण कर्माचार्यले हेरी बुझी निकासा सदर गरी पठाउने, सोदेखिबाहेक अरू माथिल्ला अपील मुद्दा कामकाज सेक्रेटरी श्री ले. क. हिमालयशमशेर जङ्गबहादुर राणाले हेरी बुझी निकासा सदर गरी पठा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उने र निज ले. क. हिमालयशमशेरबाट हेरी बुझ्दा श्रीमाननीय अर्थमन्त्रीजी-छेउ पेश गर्नुपर्ने ठहराएको काम कुराहरू मात्र श्रीअर्थमन्त्रीजीमा पेश गरी निकासा सदर गरी पठाउने भएको छ।

आज्ञाले—

सेक्रेटरी अर्थमन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।